# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १३ गते २०१७ साल

### नेपाल लोक सेवा आयोगको विज्ञापन

गृह मंत्रालय, निर्माण संचार तथा नहर मंत्रालय, स्वास्थ तथा स्थानीय स्वायत्त शासन मंत्रालय अन्तर्गत विभाग अड्डाहरूलाई निम्न लेखिए बमोजिम पदहरू चाहिएका छन्। योग्य उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो ववरण स्पष्ट भरी निम्न लिखित फी दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउनु वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरू देखिको सक्कल प्रमाणपत्रको नक्कल र मार्कशीटको नक्कलहरू समेत सबै सामेल राखी पेश गर्नु पर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथैं लिई आउनु पर्छ। योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा, यस आयोगसंग संपर्क राख्नुपर्छ। संपर्कको दिन उम्मेदवारहरूले यस आयोगमा सम्पर्क नराखेमा परीक्षावा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन। दरखास्तको म्यादको आखिरी दिन धैरै दरखास्त दिनेहरू जम्माभई सबैलाइ असुविधा हुने हुंदा समयमा नै दरखास्त पठाउनु हुन सूचना गरिन्छ। साधारणतया उम्मेदवारहरूलाई तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, फी दस्तुर नभएको र म्याद नाघी



२७
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दाखिल भएको दरखास्त उपर कुनै कारवाई हुने छैन। दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी, गौंडा र गोस्वारामा पनि पाइनेछ। एक फारामको निमित्त ने. रू. ।१० पैसा मोल तिरि सोझैं यस आयोगबाट चाहिए जति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

## विज्ञापन नं. १६२

१. पद र स्थानः—सिंहदरबार मोटर ग्यारेजलाई एक जना जुनियर मिस्त्री स्थायी तथा पेन्सन पाइने।

२ आवश्यक न्यूनतम योग्यताः—मोटरको पार्ट पूर्जाको राम्रो ज्ञान भई मर्मत गर्न सक्ने।

३. वांछनीय योग्यता :—मोटर कारखानामा काम गरी अनुभवी भएको।

४. मासिक तलबको स्केल र भत्ताः—तलब ने. रू. ४५। देखि ८०। महंगी भत्ता ने. रू. १०।

५. फी दस्तूरः—नगद ने. रू. १।

६. दरखास्त अयोगमा आइपुग्नु पर्ने मिति :—२०१७।-।१८।३

७. सम्पर्क मिति २०१७।२।२६।४ का दिन ४ बजे

८. उमेरः—सरकारी नोकरीमा वहाल नभएका उम्मदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ।

## विज्ञापन नं. १६३

१. पद र स्थानः—गौचर एयर सर्भिस अफिसलाई सब पोष्ट मास्टर (नायब सुब्बा सरह) स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः—एस. एल. सी. पास।

३. वांछनीय योग्यता—पोष्टमाष्टर ट्रेनिंगप्राप्त वा पोष्टमाष्टरको काममा अनुभव भएकालाई ग्राहयता दिइनेछ।

४ मासिक तलबको स्केल र भत्ताः—तलब ने रू १२० देखि २४०। महंगी भत्ता नेरू १५।

५ फी दस्तूर नगद ने रू १।५०

६ दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति २०१७।२।१८।३

७. सम्पर्क मितिः २०१७।२।२६।४ का दिन ४ बजे

८. उमेर.—सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्दछ।

## विज्ञापन नं. १६४

१. पद र स्थानः नयाँ बाटोकाज गोस्वरालाई एक जना ड्राइभर, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः मोटर हांक्ने लाइसेन्स पाएको हुनु पर्छ।

२६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वांछनीय योग्यता: मिस्त्रीको काम जान्नेलाई गाह्यता दिइनेछ ।
४ तलवको स्केल र भत्ताः ने रू. ४५। देखि ८०। महँगी भत्ता ने. रू. १०।
५. फी दस्तूर नगद ने. रू. १ एक ।

६. दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः २०१७।२।२०।५
७. संपर्क मितिः २०१७।२।२८।६ का दिन ४ बजे ।
८. उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ ।

## विज्ञापन नं. १६५

१. पद र स्थानः डाइरेक्टरर स्वास्थ्य सेवा विभागलाई प. ३ नं बन्दीपुर डिस्पेन्सरीमा गै काम गर्न एक जना कंपाउण्डर, स्थायी तथा पेन्सन पाइने ।
२ आवश्यक न्यूनतम योग्यताः सिभिल मेडिकल स्कूलबाट कंपाउण्डर पास भएको प्रमाणपत्रप्राप्त
३ वांछनीय योग्यताः अनुभवीलाई विशेष गाह्यता दिइनेछ ।
४ तलवको स्केल र भत्ताः ने रू ४५। देखि ८०। महँगी भत्ता ने रू, १०।
५ फी दस्तूरः नगद ने रू १। एक।

६ दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः २०१७।२।२०।५
७ संपर्क मितिः २०१७।२।२८।६ का दिन ४ बजे ।
८ उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. १६६

१ पद र स्थानः बिजुली अड्डालाई एक जना इन्जिनीयर, (गजेटेड,) स्थायी तथा पेन्सन पाइने ।
२ आवश्यक न्यूनतम योग्यताः बी. एस. ई. ।
३ वांछनीय योग्यताः ओभरसिज एजुकेशन र ५।६ वर्ष ओभरसीज र हिन्दुस्थानमा काम गरेको र डिजिल संबन्धीमा विशेष ज्ञान भएकालाई गाह्यता दिइनेछ।
४ मासिक तलवको स्केल र भत्ताः तलव भत्ता गरीने रू ६००।
५ फी दस्तूरः नगद ने रू ३। तीन रूपैयां

६ दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः२०१७।२।२१।६
७ संपर्क मिति २०१७।२।२८।६ का दिन ४ बजे ।
८ उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विज्ञापन नं. १६७

१. पदर स्थान:– डाइरेक्टर स्वास्थसेवा विभागलाई उरचिकित्सालयको निमित्त एकजना हेल्थ भिजिटर, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः–हेल्थ भिजिटरको तालीम पाएको प्रमाणपत्रप्राप्त ।

३. वाञ्छनीय योग्यता:– कम्पाउण्डर पास भएको र एक्सरेको फिलिमको काममा पनि विशेष अनुभव भएकालाई ग्राह्ययता दिइने छ ।

४, मासिक तलवको स्केल र भत्ता:– तलव ने.रू ५० देखि ६० महंगी भत्ता ने रू १०

५. फी दस्तूर :– नगद ने. रू १। एक रुपैयाँ ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१७।२।२१।६

७, सम्पर्क मिति २०१७।२।२८।६। का दिन ४ बजे

८. कामः–चेष्ट क्लिनिकका बिरामीहरूको घर घर गई डाक्टरको निर्देशनबमोजिम उपचार गर्ने औ बेरामीका रहन सहन र टी. बी. विषयको स्वास्थ सम्बन्धी पालन गर्नु पर्ने इत्यादि नियमहरू विरामीका परिवारहरूलाई बोध गराउने ।

९. उमेर –सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ ।

## विज्ञापन नं. १६८

१. पद र स्थानः–गौचर एयर सर्टिङ्ग आफिसलाई चारजना सर्टर स्थायी तथा पेन्सन पाइने

२. आवश्वम न्यूनतम योग्यता – एस्. एल. सी वा स्याट्रिक पास ।

३. बांञ्छनीय योग्यताः– देवनागरी, रोमन लिपी तथा हस्त लिपी अक्षरहरू दुरुस्तका साथ बुझ्न र छुट्याउन सकी र सर्टरकाम गरी सकेकालाई ग्राह्यता दिनेछ।

४. मासिक तलवको स्केल र भत्ता:– तलव ने. रू३५। देखि ६०। महँगी भत्ता ने. रु.१०।

५. फी. दस्तूर :– नगद ने. रु. १ एक रुपैयां ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः २०१७।२।२४।२

७. सम्पर्क मिति :२०१७।२।३१।२ का दिन ४ बजे ।

८. उमेरः सरकारी नोकरीमा बहालनरहेका उम्मेदवारहरूको नउर १६ वर्ष परा भएको र ३५ वर्ष ननाघेको हुनुपर्दछ ।

## विज्ञापन नं, १६९

१. पद र स्थानः संस्कृत महाविद्यालयलाई एकजना हिन्दी लेक्चरर, ग्याजेटेड स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः हिन्दीमा एम्. ए. पास ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वाञ्छनीय योग्यता: पहिला वा दोस्रा श्रेणीमा पासभएकालाई ग्राह्यतादिइनेछ ।

४. मासिक तलको स्केल र भत्ता:- ने. रू. १८०। देखि ५००। महँगी भत्ता ने. रू. २०।

५. फी. दस्तूर: नगद ने. रू. ३। तीन रूपैयाँ ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति: २०१७।२।२४।२

७. सम्पर्क मिति २०१७।२।३१।२ का दिन ४ बजे ।

८. उमेर: सरकारी नोकरीमा वहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ

## विज्ञापन नं. २००

१. पद र स्थान: विभिन्न गढी, गौंडा र ेश्वाराहरूलाई समेत गरी जम्मा २२ जवान ओभरसियर, स्थायी तथा पेन्सन पाइने ।

२ आवश्यक न्यूनतम योग्यता:- भारत सरकाबाट स्वीकृति पाएका कुनै विश्वविद्यालयबाट ओभरसियर पास भइ सर्टिफिकेट पाएका वा सिभिल इन्जिनियर कोर्श पास भइ डिप्लोमा हासिल गरेको ।

३. वञ्छनीय योग्यता: सिभिल ईन्जिनीयर वा ओभरसियर काम गरी अनुभव प्राप्त गरेका वा सव ओभरसियर पास गरी १० वर्ष नोकरी गरेकालाई ग्राह्यता दिइनेछ ।

४. मासिक तलवको स्केल र भत्ता:- तलव ने रू. १४० । देखि २८०। महंगी भत्ता ने. रू २०।

५. फी दस्तुर:- नगद ने रू १।५० एक रूपैयाँ पचास पैसा ।

६. दारखास्त आयोगमा आईपुग्नु पर्ने मिति: २०१७।२।२४।२

७. सम्पर्क मिति:- २०१७।२।३१।२ का दिन ४ बजे ।

८. उमेर:- सरकारी नोकरीमा वहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्दछ ।

## विज्ञापन नं.२०१

१. पद र स्थान:- स्वास्थ सेवा आयुर्वेदीय विभागलाई श्री त्रिभुवन मोहन आयुर्वेदीय जुम्ला औषधालयमा गै काम गर्ने एकजना हाकिम बैद्य , स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:- श्री ५ को सरकारबाट स्वीकृत आयुर्बेद विद्यालय वा विश्वविद्यालयमा पढी आयुर्वेद मध्यमा वा सो सरहको पासभएको ।

३, वाँछनीय योग्यता - शास्त्री आचार्य वा सो सरह वा सरकारी छात्रवृत्तीमा पढी पास भएकालाई ग्राह्यता दिइने छ ।

४. माशिक तलवको स्केल र भत्ता - तलव ने रू. ५०। देखि ६०। महंगी भत्ता ने. रू.१०।

५. फी दस्तुर - नगद ने. रू १। एक रूपैयां ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।